# सूचना २

## मालपोत (चौंथो संशोधन) नियमावली, २०५५

मालपोत नियमावली, २०३६ लाई संशोधन गर्न वान्छनीय भएकोले, मालपोत ऐन, २०३४ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "मालपोत (चौंथो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. मालपोत नियमावली, २०३६ को नियम ५घ. मा संशोधनः मालपोत नियमावली, २०३६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५घ. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) प्रचलित कानून बमोजिम स्थापित कुनै बैंक, वित्तीय संस्था वा स्थानीय निकायले आफ्नो आर्थिक कारोबारको सिलसिलामा कुनै घर, जग्गा रोक्का राखन लेखी पठाएमा मालपोत कार्यालयले सो घर, जग्गा कसैलाई बेचबिखन गर्न वा अरू कुनै प्रकारले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का किताबमा जनाई अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरी रोक्का गर्नु पर्नेछ । त्यसरी रोक्का राखदा बैंक वा वित्तीय संस्थाको हकमा मालपोत कार्यालयले अनुसूची– १क. बमोजिमको दस्तूर लिनेछ ।"

३. मूल नियमावलीमा नियम २६ थपः मूल नियमावलीको नियम २५ पछि देहायको नियम २६ थपिएको छः–

"२६. अनुसूचीमा हेरफेर गर्न सक्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।"

४. मूल नियमावलीमा अनुसूची– १क. थपः मूल नियमावलीको अनुसूची–१ पछि यसैसाथ संलग्न बमोजिमको अनुसूची–१क. थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची –१क
### (नियम ५ख को उपनियम (१) संग सम्बन्धित)
### घर, जग्गा रोक्का दस्तूर

| | नगरपालिका क्षेत्रमा | अन्य क्षेत्रमा |
|---|---|---|
| १. लिखत रजिष्ट्रेशन भएकोमा | पचास रूपैयाँ | पच्चीस रूपैयाँ |
| २. लिखत रजिष्ट्रेशन नहुनेमा– | | |
| (क) पाँचहजार रूपैयाँ सम्मको आर्थिक कारोवारमा | पाँच रूपैयाँ | दुई रूपैयाँ |
| (ख) पाँचहजार एक रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्मको आर्थिक कारोवारमा | दश रूपैयाँ | दुई रूपैयाँ |
| (ग) पच्चीस हजार एक रूपैयाँदेखि पचासहजार रूपैयाँसम्मको आर्थिक कारोवारमा | बीस रूपैयाँ | दश रूपैयाँ |
| (घ) पचास हजार एक रूपैयाँभन्दा माथि जतिसुकै आर्थिक कारोवारमा | पचास रूपैयाँ | पच्चीस रूपैयाँ |

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव

४०२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग